पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ५२ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## पोखरा महानगर पुर्वाधार विकास निगम ऐन २०७७

# पोखरा महानगर पुर्वाधार विकास निगम ऐन २०७७

**प्रस्तावना** :– पोखरा महानगरपालिकाले महानगर क्षेत्रमा वसोवास गर्ने सवै वर्ग समुदायका नागरीकलाई समाजवादी अर्थ व्यवस्थाका माध्यमवाट समानताका आधारमा औद्योगिक व्यवसायको क्षेत्रमा संलग्न गराउने र आम नागरीकको आयआर्जन वृद्धि गर्दै अर्थ व्यवस्थालाई सवल वनाउने अभिप्रायले एक स्थायी र स्वायत्त प्रकृतिको संस्थाको गठन गर्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा ५७ को उपधारा ४ र धारा २२६ को उपधारा (१) वमोजिम संविधानको अनुसूचि ८ को देहाय १५, १८ र २१ द्वारा प्राप्त एकल अधिकारको प्रयोग गर्दै स्थानीय सरकार सञ्चलान ऐन २०७४ दफा १०२ (१) वमोजिम यो ऐन वनाई जारी गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम पोखरा महानगर पुर्वाधार विकास निगम ऐन २०७७ रहेको छ ।

(२) यो ऐन पोखरा महानगरपालिकाको औं नगर सभावाट पारित भै राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) “**महानगर**” भन्नाले पोखरा महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय, पोखरालाई सम्भिmनु पर्छ ।

(ख) “**प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ग) “**उप–प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(घ) “**उपाध्यक्ष**” भन्नाले शहरी योजना आयोगको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ड.) “**सदस्य**” भन्नाले शहरी योजना आयोगको सदस्यलाइ सम्झनु पर्दछ ।

(च) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) “**नगरसभा**” भन्नाले पोखरा महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ज) “**कार्यपालिका**” भन्नाले पोखरा महानगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(झ) “**मन्त्रालय**” भन्नाले स्थानीय तहलाई हेर्ने गरी तोकिएको संधीय सरकारको मन्त्रालय र आवस्यकता अनुसार सोही वमोजिमको प्रदेश मन्त्रालय समेतलाई सम्झनु पर्छ ।

(ञ) “**निगम**” भन्नाले ऐनको दफा वमोजिम गठित पोखरा महानगर पुर्वाधार विकास निगम सम्झनु पर्छ ।

(ट) “**वडा, वडा समिति, वडा अध्यक्ष, वडा सदस्य**” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले परिभाषा गरेको वडा, वडा अध्यक्ष, वडा समिति, वडा सदस्यलाई सम्झनु पर्छ ।

(ठ) “**नगर सभा**” भन्नाले पोखरा महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ड) “**सभा**” भन्नाले ऐनको दफा वमोजिम गठन भएको निगमको सभालाई सम्झनु पर्छ ।

(ढ) “**अध्यक्ष**” भन्नाले ऐनको दफा  वमोजिम गठन भएको निगम सभाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ण) “**सदस्य**” भन्नाले ऐनको दफा वमोजिम गठन भएको निगमको संचालक समितीको सदस्यलाई सम्झनु पर्छ ।

(त) “**साधारण सदस्य**” भन्नाले ऐनको दफा वमोजिम सदस्यता प्राप्त गरेको साधारण सदस्यलाई सम्झनु पर्छ ।

(थ) “**संचालक समिति**” भन्नाले ऐनको दफा वमोजिम गठन भएको निगमको संचालक समितिलाई सम्झनु पर्छ ।

(द) “**कार्यकारी निर्देशक**” भन्ने यस ऐनको दफा वमोजिम नियुक्त

भएको निगमको कार्यकारी निर्देशकलाई सम्झनु पर्छ ।

(ध) **“सहकारी संस्था”** भन्नाले पोखरा महानगरपालिकामा दर्ता भएका सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

(न) **“महानगरवासी”** भन्नाले पोखरा महानगरपालिकामा स्थायी घरवसोवास गरेका वा निर्वाचन आयोगवाट समय समयमा जारी भएको मतदातानामावलीमा घरधुरी कायम भएको महानरक्षेत्रका मतदातालाई सम्झनु पर्छ ।

(प) **“तोकिए वा तोकिए वमोजिम”** भन्नाले यस ऐन वा यस ऐन अन्तरगत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम भन्ने सम्झनु पर्छ ।

(फ) **“शेयर प्रमाणपत्र”** भन्नाले निगमका सदस्यले कवुल गरेको चुक्ता पूँजीको अंकलाइ १०० ले भाग गरी कायम हुन आउने संस्थालाई एक शेयर मानी कायम भएको संस्थामा आधार दिएको प्रमाणलाई जनाउदछ ।

## परिच्छेद –२

## स्थापना र व्यवस्था

३. **निगमको स्थापना :**

(१) ऐनको दफा ६ वमोजिमको उद्देश्य अनुसार कार्य सम्पादन गर्नको लागि “पोखरा महानगर पुर्वाधार विकास निगम” नामको संस्था स्थापना गरिएको छ ।

(२) निगम संगठित संस्था हुने :

(क) निगम अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(ख) निगमको सवै काम कारवाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ ।

(ग) निगमले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(घ) निगमले व्यक्ति सरह आफनो नामवाट नालिस उजुर गर्न र निगम उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

(ङ) निगमले व्यक्ति सरह करार गर्न र करार वमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

४. **निगमको कार्यालय :**

(१) निगमको कार्यालय पोखरा महानगरपालिका क्षेत्रमा रहनेछ ।

(२) निगमले आवस्यकता अनुसार पोखरा महानगरपालिका क्षेत्रमा शाखा वा उपशाखा कार्यालयहरु स्थापना गर्न सक्नेछ ।

५. **निगमको सदस्यको पदावधि :**

(१) निगमको निर्वाचित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निगमका सदस्यले आफनो पदीय जिम्मेवारी पुरा नगरेको वा निगमको हित विपरित कार्य गरेको वा पद अनुरुपको आचरण पालना नगरेको भनि निगमको संचालक समितिले विशेष साधारण सभामा पेश भएको प्रस्ताव सभाका दुई तिहाई सदस्यले पारित गरेमा निज सदस्यवाट हट्नेछन् ।

(३) उपदफा (२) वमोजिमको कारवाही चलाउनु अघि निजलाई सुनुवाईको मनासिव मौका दिनु पर्नेछ ।

(३) ऐनको दफा को उपदफा ( ) वमोजिम निगम संचालक समितिको पदाधिकारी वा सदस्य-सचिव रहेको व्यक्ति निज जुनसुकै व्यहोराले सो पदवाट मुक्त भएका अवस्था निगमको जिम्मेवारीवाट स्वतः मुक्त हुनेछ ।

६. **निगमको उद्देश्य** : निगमको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) महानगरमा उपलब्ध एवम् संभावित वस्तु तथा सेवामा आधारित उद्योग व्यवसायको स्थापना गर्ने, व्यवस्थापन गर्ने तथा सञ्चालन र प्रवर्द्धन गर्ने गराउने,

(ख) निगमद्धारा सञ्चालित उद्योगमा आवश्यक पर्ने कच्चा पदार्थको अनुसन्धान तथा उत्पादन गर्न आवस्यक श्रोत तथा साधनको लगानी गर्ने,

(ग) निगमद्धारा सञ्चालित उद्योग तथा कच्चा पदार्थ उत्पादनका लागि आवश्यक जनशक्ति तयार गर्ने,

(घ) निगमद्धारा सञ्चालित उद्योग र निगमका सदस्यद्धारा उत्पादित वस्तुको ब्राण्डको विकास गर्ने र वजार व्यवस्थापन गर्ने,

(ङ) स्थानीय रुपमा संचालन गर्न सक्ने प्रकृतिको उद्योगधन्दाको प्रारंभिक अध्ययन गर्ने र सो को लागि आवस्यक श्रोतको व्यवस्थापन गर्ने,

(च) महानगरपालिकामा आवद्ध सहकारी संस्थालाई निगमको लगानी कर्ताको रुपमा सहभागि गराउने,

(च) महानगरपालिकामा वसोवास गरेका नागरीकलाई निगमको लगानी कर्ताको रुपमा सहभागि गराउने,

(छ) स्थानीय, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी उद्योग सञ्चालन गर्ने ।

७. **संरक्षक सम्वन्धि व्यवस्था :**

१. निगमको संरक्षक महानगर प्रमुख रहने छन ।

२. निगमको हितका लागि संरक्षकले आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद–३
## संचालक समितिको गठन,काम कर्तव्य र अधिकार

८. **संचालक समितिको गठन :**

(१) निगमको उद्देश्य प्राप्तिको लागि आवस्यक कार्यक्रमहरु सुव्यवस्थित रुपमा सञ्चालन गर्न गराउन र निगमको काम कारवाहीको रेखदेख

तथा प्रवन्ध गर्नको लागि एक सञ्चालक समिति रहनेछ ।

२. **सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) यस ऐन वा सो अन्तरगत वनेका नियममा संचालक समितिले गर्ने भनि तोकिएको काम, कर्तव्य अधिकारको पालन र प्रयोग गर्नु ।

(२) निगमको सभावाट पारित भएको व्यवस्थालाई लागु गराउने,

(३) निगमको विकासका लागि अवलम्वन गर्नुपर्ने नीति, रणनीति तयार गरी सो अनुरुपको कार्य संचालन गर्ने गराउने,

(४) निगमको उद्देश्य अनुरुप उद्योग धन्दाको स्थापना र विकासको लागि आवस्यक साधन श्रोत जुटाउने, परिचालन गर्ने तथा सो को लागि ऐनको उद्धेश्य भित्र रही वमोजिम निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र सो को संरक्षण गर्ने, गराउने,

(५) निगमको उद्देश्य अनुरुप कार्य गर्ने सम्वन्धमा महानगरमा रहेका वा अन्य स्थानीय तहको कार्य क्षेत्रका विषयमा आवस्यक समन्वय, सहयोग र सहकार्य गर्ने, गराउने,

(६) यस ऐनको प्रतिकुल नहुने गरी निगमको कार्य संचालनका लागि कार्यविधि तथा आर्थिक प्रशासन सम्वन्धी नियम, विनियम र निर्देशिका वनाई लागु गर्ने, गराउने,

(७) निगमका पदाधिकारी, सदस्य, कर्मचारीले पालना गर्नु पर्ने विषयका सम्वन्धमा आचार संहिता वनाई लागु गर्ने गराउने,

(८) संरक्षकले दिएको निर्देशकको पालना गर्ने गराउने,

(९) निगम संचालक समितिमा देहाय वमोजिम पदाधिकारी र सदस्य रहने छन्

| | | |
|---|---|---|
| (क) | उपप्रमुख, पोखरा महानगरपालिका | -अध्यक्ष |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | शहरी योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| (घ) | महानगरका सहकारी समितिको अध्यक्ष | -सदस्य |
| (ङ.) | सहकारी संस्था मध्येवाट चार जना (एकजना महिला सहित) | |

-सदस्य

(च) निगमको सभावाट निर्वाचित महानगरवासी मध्येवाट तीन जना (एकजना महिला सहित) -सदस्य

(छ) नगरप्रमुखले मनोनित गरेका वडाअध्यक्ष मध्येवाट दुईजना वडाअध्यक्ष -सदस्य

(ज) महानगरपालिकाको निर्वाचनमा मेयरका निकटतम प्रतिद्धन्द्धी उमेद्वार -सदस्य

(झ) नगरप्रमुखले मनोनित गरेका एकजना विज्ञ -सदस्य

(ञ) निगमको कार्यकारी निर्देशक सदस्य -सचिव

(१०) उपदफा (८) को खण्ड (क), (ख), (ग) र (छ) वमोजिमका पदाधिकारीहरुको पदावधि निजहरु सो पदमा वहाल रहेको अवधि सम्म र अन्य सदस्यको पदावधि तीन वर्ष हुनेछ ।

९. **संचालक समितिको वैठक र निर्णय** :

(१) समितिको वैठक आवस्यकता अनुसार वस्नेछ ।

(२) अध्यक्षको निर्देशन वमोजिम समितिको वैठक वस्ने स्थान, मिति र समयको एकिन गरी सदस्य-सचिवले वैठक आव्हान गर्नु पर्नेछ ।

(३) उप-दफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका एक तिहाई सदस्यहरुले समितिको वैठक वस्नु पर्ने कारण र स्पष्ट आधार उल्लेख गरी सदस्य-सचिव अध्यक्ष समक्ष लिखित निवेदन गरेमा अध्यक्षले समितिको विशेष वैठक आव्हान गर्नु पर्नेछ । त्यस्तो विशेष बैठकमा तोकिएको ऐजेण्डामा मात्र छलफल र निर्णय गरिनेछ ।

(४) संचालक समितिको सदस्य-सचिवले वैठक वस्ने सूचनाको साथमा वैठकको एजेण्डाको सूची सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(५) वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको उपाध्यक्षले र निजहरुको अनुपस्थितिमा

समितिका जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिले कुनै विशेषज्ञ वा अधिकारीलाई समितिको वैठकमा उपस्थित गराउन सक्नेछ ।

(७) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

तर कुनै कारणले यस उप-दफा वमोजिम गणपुरक संख्या नपुगेकोले वैठक वस्न नसकी दोश्रो पटक वैठकको आव्हान गरिएको अवस्थामा तत्काल कायम रहेको सदस्य संख्याको तेत्तिस प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको गणपुर संख्या पुगेको मानिनेछ ।

(८) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ। मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(९) कार्यकारी निर्देशकलाई वैठकमा विवादको विषयमा मतदानमा भाग लिने र मतदान गर्ने अधिकार हुने छैन ।

(१०) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(११) वैठकमा उपस्थित भए वापत अध्यक्ष, पदाधिकारी वा सदस्यले तोकिए वमोजिम वैठक भत्ता पाउने छन् ।

(१२) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

१०. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : ऐनको दफा ५ को उद्देश्य पुर्तिको लागि समितिको काम कर्तव्य अधिकार देहाय वमोजिम हुनेछ :

(क) निगमको उद्धेश्य मुताविक उद्योग व्यवसाय सञ्चालन गर्ने,

(ख) निगमद्धारा सञ्चालित उद्योग व्यवसाय सञ्चालनको लागि आवश्यक श्रोत, साधन तथा जनशक्ति व्यवस्था गर्ने,

(ग) स्थानीय स्तरमा उपलव्ध कच्चा वस्तुमा आधारित उद्योग स्थापना गरी निगमका साधारण सदस्यलाई रोजगार मुलक क्षेत्रमा सहभागि

गराउने,

(घ) स्थानीय रुपमा संचालन गर्न सक्ने प्रकृतिको उद्योगधन्दाको प्रारंभिक अध्ययन अनुसन्धान गर्ने,

(ङ) महानगरमा आवद्ध सहकारी संस्था र महानगरवासीलाई निगमको साधारण सदस्य वनाउन आवस्यक कार्यक्रमको तर्जुमा गर्ने,

(च) साना उद्योग परामर्श सेवा उपलव्ध गराई रोजगारीको व्यवस्था गर्ने,

(छ) निगमको उद्देश्य अनुरुपको कार्यको लागि संधीय सरकार, प्रदेश सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्था, विदेसी सरकार, निकाय, वा व्यक्तिवाट नगद, जिन्सी वा अन्य सहयोग उपलव्ध गराउने,

(ज) निगमको उद्देश्य प्राप्तिको लागि आवस्यक पर्ने नीति नियमको तर्जुमा गर्ने,

(झ) तोकिए वमोजिमको अन्य कार्य गर्ने ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस ऐन र यस अन्तरगत वनेको नियम व्यवस्था वाहेक अध्यक्षको काम, कर्तव्य र अघिकार देहाय वमोजिम हुनेछ ।

(क) समितिको वैठकको अध्यक्षता गर्ने,

(ख) निगमको उद्देश्य अनुरुपको काम कारवाही गर्ने र सो को नेतृत्व लिने,

(ग) वैठकको निर्णय प्रमाणित गर्ने,

(घ) निगमको काम कारवाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ङ) सभाले तोकेको अन्य काम कारवाही गने, गराउने ।

१२. **सदस्यको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षयले तोकेको सदस्यले समितिको

वैठकको अध्यक्षता गर्ने,
(ख) अध्यक्षले प्रत्यायोजन गरेका काम कारवाही गर्ने, गराउने,
(ग) संचालक समितिले तोकेका अन्य काम कारवाही गर्ने,

१३. **लेखा समिति** : सञ्चालक समितीले देहायका सदस्य रहेको एक लेखा समिति गठन गर्नेछ ।
(क) साधारण सभाले मनोनित गरेको चार्टर एकाउन्टण्ट -संयोजक
(ख) महानगरको आर्थिक महाशाखा प्रमुख -सदस्य
(ग) प्रमाण प्राप्त लेखा परिक्षक एकजना -सदस्य
(घ) व्यवसायिक क्षेत्रमा अभ्यासरत एकजना कानुन व्यवसायी -सदस्य
(ङ) निगमको काम कार्वाहीको सरोकार राख्ने नागरीक समाजको प्रतिनिधी सदस्य

## परिच्छेद–४
## कार्यकारी निर्देशक र कर्मचारी सम्वन्धी व्यवस्था

१४. **कार्यकारी निर्देशकको नियुक्ति** :
(१) निगमको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गन संचालक समितिको सिफारिसमा कार्यपालिकाले एक जना कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।
(२) कार्यकारी निर्देशक पदमा नियुक्ति हुन देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-
(क) नेपाली नागरीक,
(ख) नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयवाट व्यवस्थापन, समाजविज्ञान, इन्जिनियरीगं वा विज्ञान विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरी ५ वर्ष प्रवन्धकको रुपमा काम गरेको अनुभव भएको,
(ग) प्रचलित नेपाल कानूनले अयोग्य घोषित नभएको,

(३) कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुनेछ । निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा कार्यकारी निर्देशक लाई संचालक समितिले जुनसुकै अवस्थामा पदवाट हटाउन सक्नेछ :

(क) परिषदलाई हानी नोक्सानी हुने कुनै काम गरेको प्रमाणित भएमा,

(ख) ऐन विपरित कुनै कार्य गरेमा,

(ग) निजले इमान्दारी पुर्वक पदीय जिम्मेवारी वहन नगरेमा वा निजको कार्य सम्पादन सन्तोषजनक नभएमा वा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुप आचरण नगरेमा वा संचालक समिति र सभाको निर्देशनको पालना नगरेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतवाट सजाय पाएमा

(ड.) अर्धवार्षिक मुल्याँकनमा निगम घाटामा गएमा

(च) निगमको सम्पत्तिलाइ व्यक्तिगत मुनाफा वा हितको लागि प्रयोग गरे गराएको प्रमाणित भएमा

(छ) कर्मचारी भर्ना वा मुल्याँकनमा पक्षपात गरेमा वा कुनै प्रकारको प्रभावमा परेर निर्णय गरेको पुष्टि भएमा

(५) उपदफा (४) वमोजिम सदस्य-सचिवलाई पदवाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासि मौका दिनु पर्नेछ ।

(६) कार्यकारी निर्देशकको सेवाका शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

१५. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :**

(१ कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) निगमको वार्षिक कार्यक्रम, योजना तथा वजेट तयार गरी समिति मार्फत सभामा पेश गर्ने,

(ख) समिति र सभाको निर्णय कार्यान्वयन गर्ने गराउने

(ग) निगमवाट संचालित योजना, कार्यक्रम, उद्योगहरुको सञ्चालन, रेखदेख र अनुगमन गर्ने,

(घ) निगमको प्रशासनिक प्रमुखको रुपमा रही कर्मचारी व्यवस्थापन, व्यवस्थापकीय र प्रशासकीय कार्य गर्ने, गराउने,

(ङ) निगमको उद्देश्य अनुरुप काम गर्ने अरु स्थानीय तह र निजी क्षेत्रसंग आवस्यक समन्वय गर्ने,

(च) निगमको सार्वजनिक खरिद सम्वन्धी काम गर्ने,

(छ) निगमको चल अचल सम्पत्तिको संरक्षण गर्ने गराउने,

(ज) लेखा उत्तरदायी अधिकृत भै काम गर्ने गराउने,

(झ) तोकिए वमोजिमका अन्य काम गर्ने,

(२) उप-दफा (१) मा लेखिए वाहेक कार्यकारी निर्देशकको काम कर्तव्य निम्न वमोजिम हुनेछ :

(क) अध्यक्षको निर्देशन वमोजिम संचालक समिति वैठक र सभा वोलाउने,

(ख) संचालक समिति र सभामा छलफल गरिने विषयहरुको सूची तयार गरी सदस्य समक्ष पठाउने,

(ग) सञ्चालक समितिको निर्णय वमोजिम सदस्यहरुले प्रतिवद्धता व्यक्त गरेको रकम उठाउने र कोषमा जम्मा गर्ने,

(घ) सदस्यहरुको दर्ता किताव र सदस्यहरुको लगानी रकम शेयरधनीको लगत दुरुस्त राख्ने, जिम्मा लिने र प्रमाणित गर्ने,

(ङ) लेखिए वाहेक संचालक समिति वा सभाले कार्यकारी निर्देशकले गर्ने भनि तोकेको अन्य काम गर्ने ।

(३) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएको मानिनेछ :-

(क) निजले अध्यक्ष समेत दिएको राजिनामा स्वीकृत भएमा,

(ख) गैर नेपाली नागरीक ठहरिएमा वा नेपालको नागरीकता त्यागेमा वा कुनै विदेशी मुलुकको अस्थायी वा स्थायी वसोवासको अनुमितिको

प्रकृया गरेको प्रमाणित भएमा,

(ग) निजको उमेर साठी वर्ष पुरा भएमा,

(घ) निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफहेदीको पदमा उम्मेदवार भएमा,

(ङ) नैतिक पतन देखि फौज्दारी कसुरमा सजाय पाएमा

(च) उप-दफा ( ) वमोजिम पदवाट हटाएमा वा

(छ) मृत्यु भएमा ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा वा कुनै कारणले निलम्वन भएमा अर्को कार्यकारी निर्देशक नियुक्ति नभए सम्म वा निजको निलम्वन फुकुवा नभए सम्म महानगरकार्यपालिकाले तोकेको राजपत्रांकित द्धितिय श्रेणीको कर्मचारीलाई समितिको कार्यकारी निर्देशकको रुपमा कामकागज गर्ने गरी तोक्न सक्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए वमोजिम हुनेछ । यसरी सदस्य-सचिवको पारिश्रमिक तथा सुविधा नतोकिए सम्म निजले महानगर कर्मचारी सेवा शर्त ऐन वमोजिम राजपत्रांकित द्धितिय श्रेणीको अधिकृत कर्मचारीकर्मचारीले पाउने पारिश्रमिक तथा सुविधा पाउनेछ ।

१६. **कर्मचारी सम्वन्धी व्यवस्था :**

(१) निगमको कर्मचारी दरवन्दी संचालक समितिको सिफारिसमा कार्यपालिकावाट स्वीकृत भए वमोजिम हुने छ ।

(२) उप-दफा (१) वमोजिम कर्मचारीको व्यवस्थापन संचालक समितिको सिफारिसमा महानगरकार्यपालिका वाट हुनेछ ।

(३) निगमका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरु सम्वन्धी व्यवस्था महानगरपालिका कर्मचारी सेवा र शर्त तोकीए वमोजिम हुनेछ ।

(४) निगममा आवस्यक पर्ने कर्मचारी तत्काल नियुक्त नभएमा वा कुनै

कारणले रिक्त भई तत्काल पदपुर्ति हुन नसकेमा वा पदपुर्ति नभएमा समितिको सिफारिसमा महानगरकार्यपालिकाले स्थानीय सेवाका कर्मचारीलाई तोकिएकोकाम गर्ने गरी खटाउन सक्नेछ।

(५) निगममा नियुक्त कर्मचारीको लागि योगदानमा आधारित उपदानको व्यवस्था गर्ने सकिनेछ।

(६) निगममा तोकिएका कर्मचारीको पारिश्रमिक सेवा तथा सुविधा निगमको कोषवाट वेहोरिनेछ।

## परिच्छेद–५

## सभा ,सभाको कार्य प्रणाली र निर्वाचन सम्वन्धी व्यवस्था

१७. **निगम सभा :**

(१) निगमको सर्वोच्च अंगको रुपमा एक सभा रहनेछ।

(२) निगमको सभामा दफा वमोजिम सदस्यता प्राप्त व्यक्ति वा निजले तोकेको व्यक्ति प्रतिनिधि सदस्य रहनेछन्।

(३) सभामा उपस्थित सदस्यको चुक्ता पूँजीको आधारमा कायम भएको शेयर सँख्या अनुसार चुन्ने र चुनिने अधिकार हुनेछ।

(४) सभाका सदस्यको मतभार निजको प्रतिनिधित्व रहेको संस्थाको शेयर संख्याको आधारमा हुनेछ।

१८. **निगम सभाको कार्य प्रणाली :**

(१) सभाको संचालन अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षमा कम्तिमा दुई पटक वस्ने छ।

(२) सभाका एक तिहाई सदस्यहरुले सभा संचालन गर्नु पर्ने कारण आधार उल्लेख गरी सदस्य सचिव समक्ष लिखित निवेदन गरेमा अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले सभाको आव्हान गर्नु पर्नेछ।

(३) सदस्य-सचिवले सभा वस्ने सूचनाको साथमा सभाको एजेण्डाको सूची सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ।

(४) सभाको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(५) सभाको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा सभा लागि गणपुरक संख्या पुगेको मानिनेछ । उक्त सँख्या नपुगेमा दोश्रो पटक आव्हान भएको सभामा तेत्तिस प्रतिस सँख्या उपस्थित भएमा सभाको गणपुरक सँख्या पुगेको मानिनेछ ।

(६) सभाको वहुमतको राय मान्य हुनेछ । मत वरावर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कार्यकारी निर्देशकलाई सभामा मतदान गर्ने अधिकार हुने छैन ।

(८) सभाको निर्णय अध्यक्षले प्रमाणित गरी कार्यान्वयको लागि सदस्य सचिवलाई दिनेछ ।

(९) सभा संचालन सम्वन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गर्न सक्नेछ ।

१९. **निगम सभाको निर्वाचन सम्वन्धी व्यवस्था :**

(१) निगम सभाको निर्वाचन सम्वन्धी व्यवस्था संचालक समितिले यस ऐनको अधिनमा रही जारी गरेको नियमावली वमोजिम हुनेछ ।

## परिच्छेद–६
## पुँजी, कोष र लेखा परीक्षण

२०. **निगमको पूंजी सम्वन्धी व्यवस्था :**

(१) समितिले अन्यथा व्यवस्था गरेकोमा वाहेक निगम स्थापनाको अवस्थामा चुक्ता पुंजी पचास करोड रुपैंया र अन्य रकम समेत रहने गरी निगमको आफनो छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायको रकम रहनेछ :-

(क) निगमका सदस्यले स्थापना वखत कवुल गरेको चुक्ता पुजीको

अंकलाई एक सय रुपैंया वरावरको एक शेयर कायम गर्दा हुने रकम,

(ख) संचालक समितिले तोकेको अन्य रकम,

(ग) निगमले संचालन गरेको उद्योग धन्दा र व्यवसायवाट प्राप्त हुन आउने रकम,

(घ) निगमले संचालन गरेको प्रशिक्षण, तालिम इत्यादीवाट प्राप्त हुन आउने रकम,

(ङ) निगमवाट संचालित उद्योग धन्दा र व्यवसायवाट उत्पादित वस्तु विक्री गरी प्राप्त रकम,

(च) निगमलाई राष्ट्रिय वा अन्तराष्ट्रि संघ संस्था वा व्यक्तिवाट प्राप्त हुन आएको सहयोग रकम,

(३) उपदफा ३ को खण्ड (च) वमोजिम विदेशी राष्ट्र वा विदेशी संघ संस्था वा निकाय वा व्यक्तिवाट प्राप्त हुने रकम लिन प्रचलित कानून वमोजिमको प्रकृया पुऱ्याई लिनु पर्नेछ।

(४) उप-दफा (१) वमोजिम चुक्ता पुंजीको व्यवस्था देहाय वमोजिम गरिनेछ :-

(क) महानगरपालिकावाट २५ प्रतिशत,

(ख) महानगरपालिका क्षैंत्र भित्र संचालित भै महानगरपालिकामा दर्ता भएका सहकारी संस्थावाट अधिकतम ५० प्रतिशत र

(ग) महानगरपालिका क्षेत्रमा वसोवास गर्ने "एक घर एक सदस्य" को आधारमा नगरवासीवाट अधिकतम २५ प्रतिशत।

२१. **निगमको कोष** :

(१) निगमको आर्थिक काम कारोवार दफा १६ वमोजिम स्थापित कोषवाट हुनेछ।

(२) उपदफा (१) वमोजिम स्थापित कोषमा देहायको रकम रहने छ।

(क) निगमको अधिकृत पूजीका रुपमा रहने गरी दफा वमोजिम महानगरपालिका, सदस्यता प्राप्त गरेका सहकारी संस्थाहरु र निगमको सदस्यता प्राप्त नगरवासीवाट प्राप्त रकम,

(ख) निगमले संचालन गरेको उद्योग व्यवसायवाट प्राप्त हुने रकम,

(ग) निगमले उपलव्ध गराएको परामर्श, तालिम वा अन्य सेवावाट प्राप्त रकम,

(घ) स्वदेशी वा विदशी संध संस्था वा व्यक्तिवाट प्राप्त सहयोग रकम,

(ङ) निगमलाई अन्य श्रोतवाट प्राप्त हुने रकम ।

(च) नेपाल सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(३) निगम कोषको खाता सदस्य-सचिव र निगमको लेखाको प्रमुख भै काम गर्ने कर्मचारीको संयुक्त दस्तखतवाट संचालन हुनेछ ।

२२. **लेखा र लेखा परीक्षण :**

(१) निगमले आफनो आय-व्ययको लेखा प्रचलित नेपाल कानून वमोजिम राख्नु पर्नेछ ।

(२) निगमको लेखा परीक्षण सभा द्वारा तोकिएको मान्यता प्रँप्त लेखापरीक्षकवाट हुनेछ ।

(३) महानगरपालिकाले निगमको आय व्ययको लेखा सम्वन्धी कागजात तथा अन्य नगदी वा जिन्सि जुनसुकै वखत जांच्न वा जांच्न लगाउन सक्नेछ ।

## परिच्छेद-७
## विविध

२३. **मुनाफा वितरण गर्ने :**

(१) निगमका सदस्यलाई निजहरुले प्राप्त गरेको शेयर संख्याको आधारमा वार्षिक रुपमा मुनाफा वितरण गरिनेछ ।

(२) उप-दफा (१) वमोजिम मुनाफा वितरण गर्ने वा अन्यथा व्यवस्था गर्ने सम्वन्धी व्यवस्था सभावाट निर्णय भए वमोजिम हुनेछ ।

२४. वार्षिक प्रतिवेदन :

(१) निगमले प्रतेक वर्ष आफुले गरेको काम कारवाहीको विवरण तथा आय व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भए पछि वस्ने संचालक समितिको वैठकमा पेश गर्नु पर्नेछ र

सो प्रतिवेदन हरेक वर्ष सभावाट अनुमोदन गर्नु पर्नेछ ।

(२) निगमले उपदफा (१) वमोजिमको वार्षिक प्रतिवेदन सभावाट पारित भएको मितिले ७ दिन भित्र महानगर नगरकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

२५. **नेपाल सरकार संग सम्पर्क** : निगमले आफनो काम कारवाहीका सन्दर्भमा नेपाल सरकार संग सम्पर्क राख्दा महानगरपालिका मार्फत राख्नु पर्नेछ ।

२६. **उप– समिति गठन गर्न सक्ने** :

(१) कार्य समितिले आफनो कार्य सञ्चालनको लागि आवस्यक उपसमिति गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) वमोजिमको उप-समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि संचालक समितिले तोके वमोजिम हुनेछ ।

२७. **अधिकार प्रत्यायोजन** :

(१) संचालक समतिले आफुलाई प्राप्त अधिकार मध्ये कुनै वा सवै अधिकार आवस्यकता अनुसार सदस्यहरु रहेको कुनै उप-समिति वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशक उपदफा (१) वमोजिमका मध्ये केही अधिकार संचालक समितिको सहमतिमा निगमका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **वैठक भत्ता** : संचालक समितिका सदस्यहरुले वैठकमा भाग लिए वापत तोकिए वमोजिम वैठक भत्ता पाउने छन् ।

२९. **हक, अधिकार र दायित्व** : निगमका सदस्यलाई यस ऐन बमोजिम प्राप्त हुने हक अधिकार र दायित्व

३०. **निगमको शेयरमा अन्य कारोवारमा प्रतिवन्ध** : निगमले प्रत्यक्ष वा अप्रत्यक्ष आफनो चुक्ता पूंजी वा संचित मुनाफा अर्को कम्पनी वा वित्तिय कारोवार गर्ने संस्थालाई सापटी दिन वा ऋण वापत जमानत दिन वा धितो पत्रमा लगानी गर्न सक्ने छैन । तर समितिको सिफारिशमा सभाले

निर्णय गरी प्रचलित नेपाल कानून वमोजिम गरिएको कारोवारलाई यस दफाको व्यवस्थाले मात्र प्रतिवन्ध लाग्ने छैन ।

३१. **निगमको खारेजी र परिणाम** : यस दफा वमोजिम निगम खारेजीमा परेमा सो वाट प्राप्त हुने हक वा दायित्व निगम स्थापनाको अवस्थामा कवुल गरेको शेयर संख्याको आधारमा गरिनेछ ।

३२. **साविक वालाले हाल वालालाई वुझाउनु पर्ने** : निगमका कुनै पदाधिकारी वा कर्मचारीको जिम्मामा रहेको कागजात र पुस्तिका वा अभिलेख निजको वहाल टुटेपछि निजको सट्टामा काम गर्न नियुक्त भएको संचालक, पदाधिकारी वा कर्मचारीलाई आफनो वहाल टुटेको मितिले सात दिन भित्र वुझी,वुझाई फरफारक लिनु पर्नेछ ।

३३. **नियम वा विनियम वनाउन सक्ने** :

(१) यस ऐन वमोजिमको उद्देश्य कार्यान्वयनको लागि संचालक समितिले आवस्यकता अनुसार नियमहरु वनाउन सक्नेछ ।

(२) निगमले पारित गरेको नियम, विनियम र निर्देशिका, महानगरकार्यपालिकाले अनुमोदन गर्न पर्नेछ ।

अनुसूची-१

दफा ३ (२) (क) सँग सम्वन्धित

निगमको छापको नमुना

अनुसूची-२

(दफा ११ (१) संग सम्वन्धित

**कर्मचारी संगठनात्मक संरचना**

निगममा सवै कर्मचारीहरुलाइ तोकिए बमोजिम करारमा नियुक्ति गरिनेछ । कर्मचारीको भुमिका मुल्याँकनको आधारमा करार नविकरण गरिनेछ। कुनै पनि कर्मचारीलाई स्थायी गरिने छैन । कर्मचारीको नियुक्ति र वरखास्तको अधिकार कार्यकारी निर्देशकको सिफारीशमा सञ्चालक समितिले गर्नेछ ।

(१) कार्यकारी निर्देशक एक

(२) उद्योग प्रमुख (प्रत्येक उद्योग अनुसार एक जना)

(३) शाखा अधिकृत सातौं तह आठ

(४) लेखा अधिकृत १ जना

(५) लेखा सहायक (प्रत्येक उद्योगमा १जना)

(४) नायव सुव्वा

(५) सहायक कर्मचारी

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**